# जन्मियो नेपाल महिला संघ

***डा. ज्योति उपाध्याय****

**सार – संक्षेप**

*राणा शासनको दमनमा परेका परिवारका आफन्तजनलाई अत्यावश्यक सामान पुऱ्याइदिने, खबर ल्याउने लाने गरिदिने, कोही पनि नभएपछि सङ्कटमा परेका नारीहरूद्वारा थालेको सक्रियताले नारी सङ्घर्ष र निडरताको विकास गराएको हो । नारीलाई घरको इज्जत र वस्तु ठानेर राख्ने, घरको सङ्घारबाट बाहिर गएको देख्न नचाहने मानसिकता बोकेर अघि बढेको नेपाली समाज थियो । त्यो समयमा सामाजिक बन्धनलाई चुनौती दिएर निस्किएका नारीहरूले आफ्नो परिचय र सम्पर्कको दायरा फराकिलो बनाउँदै साहसिक कार्य गरेर नारी क्षमताको उदाहरण दिने काम गरे । घरको चौघेरा नाघेर हिँड्ने नारीहरू चरित्रहिन हुन्छन् भन्ने सामाजिक मानसिकता बोकेको नेपाली समाजलाई वास्तै नगरी राजनीतिक क्रियाकलापमा लागेका पुरुषहरूको मार्ग निर्देशन पाएपछि नारीहरू पनि राजनीतिक गतिशीलताको बाटोमा लागेका हुन् । जसले गर्दा योजनाबद्ध रूपमा अघि बढेका नारीहरूले आवश्यक गृहकार्यहरू पूरा गरेर नेपाल महिला सङ्घ जन्माउने काम गरे । जसबाट नारीहरू अबलामात्र नभएर सक्षम पनि छन् भन्ने सन्देश प्रवाह गर्दै प्रजातान्त्रिक आन्दोलनमा अहम् भूमिका निर्वाह गरेको पाइन्छ ।*

**शब्दकुञ्जी** : पारिवारक राणाशासन, संगठित विद्रोह, सरकारी दमन र नारी संगठनको निर्माण ।

**विषय प्रवेश**

राणाकालीन पारिवारिक शासनमा समाजको सुधार गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउने उद्देश्य लिएर कृष्णप्रसाद कोइरालाले आफ्ना परिवारका नारीहरूलाई राखेर वि.सं. १९७४ सालमा स्थापना गरेको महिला समितिले नै नेपालमा नारी जागरणको ढोका खोलेको थियो । चन्द्र शमशेरलाई रिझाएर समाजमा सुधार ल्याउनका लागि त्यस क्रममा थालेका कार्यहरूबाट समाजमा जागरणको सुरुआत हुने सङ्केत देखिएको थियो । त्यसले गर्दा चन्द्रशमशेरले कृष्णप्रसाद कोइरालालाई सर्वश्वहरणसहित कैद गर्ने आदेश दिए । उक्त समाचार पाएपछि भारत निर्वासन रोजेर कृष्णप्रसाद कोइराला भारततर्फ पलाएन भएर कष्टपूर्ण जीवन निर्वाह गर्दै सामाजिक रूपान्तरणका पूर्वाधारहरू तयार गरी नै रहेका थिए । उनका त्यस्ता कार्यबाट राणा सरकारको दमनकारी नीति प्रष्ट देखिएकाले नेपालका केही शिक्षित तरुणहरूद्वारा राणा शासन विरोधी संगठनहरू बनाएर राणा विरोधी अभियान थाल्ने प्रयासहरू गरे । त्यस किसिमका संगठित प्रयासबारे जानकारी पाउना साथ दबाउने नीति लिएका राणा शासकहरूले त्यस्ता संगठित गतिविधि निषेध गर्दै कठोर दमन गर्ने काम गरे । परिणास्वरूप गोरखा लिग, प्रचण्ड गोरखा, नेपाली नागरिक अधिकार समिति, नेपाल प्रजापरिषद् जस्ता संगठन माथि प्रतिबन्ध लगाएर सक्रिय हुने व्यक्तिहरूलाई निर्मम दमन गर्ने काम भयो । यसरी आफ्ना परिवारका सदस्यलाई मृत्युदण्डदेखि कठोर जेल सजायको यातना भोग्न बाध्य पारिएपछि आक्रोशित भएर प्रतिरोधको मार्गमा बढेका सीमित नारीहरूद्वारा थालिएको क्रियाशीलताले नै नेपालमा नारी संगठनको जन्म भएको थियो । जसले प्रजातान्त्रिक आन्दोलनको आधार निर्माणमा सघाउ पुऱ्याउने काम गरेको पाइन्छ । जसको बारेमा विषद

** डा. उपाध्याय, उपप्राध्यापक, विभागीय प्रमुख, इतिहास विभाग, त्रि.वि. सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं ।*

अनुसन्धानको आवश्यकता पर्ने भएकाले प्रस्तुत लेखमा नेपालभित्रै जन्मिएको पहिलो वैधानिक नारी संगठन नेपाल महिला सङ्घको स्थापनाबारे विश्लेषण गर्ने काम गरिएको छ ।

**अध्ययन विधि**

नेपालभित्रै राजनैतिक उद्देश्यले स्थापित र क्रियाशील भएको पहिलो नारी संगठन नेपाल महिला सङ्घको स्थापनाबारे विश्लेषणात्मक प्रस्तुतिका लागि विशेष गरी प्राथमिक र द्वितीयक स्रोतहरूलाई यसमा समेटिएको छ । नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका पात्रहरूका लेख, रचना, सस्मरणहरूलाई परीक्षण, अन्वेषण गरेपछि मात्र प्रयोग गर्ने काम भएको छ । त्यस्ता स्रोतहरूको परीक्षण सम्परीक्षणका लागि एक अर्काका धारणा समावेश गरी द्वितीयक स्रोतहरूबाट प्राप्त जानकारीसँग भिडाएर पुष्टि भएका कुराहरूलाई मात्र प्रयोग गर्ने काम भएको छ । वर्णनात्मकसँगै विश्लेषणात्मक प्रस्तुति अवलम्बन गरिएको प्रस्तुत अध्ययन एपिए शैलीमा तयार गरिएको छ ।

**तथ्य विश्लेषण**

प्रजापरिषद काण्डपछि त्यसमा पर्ने परिवारको ठूलो विचल्ली हुन गएको थियो । मृत्यु दण्ड पाउनेका परिवारमा ठूलो शोक पर्‍यो भने जातिच्यूत भएका, सर्वश्वहरणमा परेका र आजन्म कारावास लगायतका सजायँ पाएका परिवारका सदस्यहरूमा झन् ठूलो समस्याहरू देखिए । राज्यले जातीच्यूत र सर्वश्वहरण गरेपछि घरबार विहिन भएका परिवारहरू आफन्तहरूकहाँ आफ्ना लालावाला सहित आश्रय खोज्न जाँदा दिदी भिनाजु लगायतले आश्रय दिनु कता हो कता भेटघाटसम्म पनि नदिने, समाजले छि छि र दूर दूर गर्ने, जात गई सकेको र आजन्म कैद परेका लोग्नेको आशामा बस्नु भन्दा अर्कै विवाह गर वा कसैकहाँ भान्छे लाग्न जानुसम्म भनेका तथ्यता तिनै क्रान्तिकारी नारीहरूले उल्लेख गरेका छन् (रिमाल, २०५७ : १२३, शर्मा, २०५९ : ४६) । अप्ठ्यारो कठिन अवस्थामा साथ देलान् भनि आशा गरेका आफन्तहरूले नै यस्तो व्यवहार गरेपछि आफूहरू उपेक्षित भएको महसुस गर्दै ती नारीहरूले दुःख कष्ट सहेर पनि आफन्तभन्दा राजनैतिक परिवर्तनको बाटोमा लागेका मानिसहरू माथि विश्वास गर्दै जीवन निर्वाहको प्रयास गरेर जेलमा थुनिएका आफन्तहरूलाई खाना, कपडा, पुऱ्याउन जाने, भेटघाट गर्ने काम गर्न थाले । जुन क्रममा जेल प्रशासनले आफन्तहरूसँग भेटघाट गर्न नदिने, अपमानजनक शब्दहरू बोल्ने लगायतका व्यवहार गर्‍यो । त्यसबाट झनै पिडित भएर उनीहरू आफ्नो श्रीमान्का उद्देश्यलाई नै आफ्नो उद्देश्य बनाएर जुन बाटोमा हिँडे त्यसले राजनैतिक एकताको मार्गमा नारीहरूलाई अघि बढ्न सिकायो ।

जेलमा आफ्ना श्रीमान्हरूलाई सरसामान पुऱ्याउने क्रममा नै रामहरीकी श्रीमती सीतादेवी शर्मा, टंकप्रसाद आचार्यकी श्रीमती रेवन्त कुमारिको बीचमा भेटघाट भएको देखिन्छ । अर्कोतिर गणेशमान सिंहको गिरफ्तारीकै बेलादेखि पारिवारिक एवं सामाजिक तिरस्कारबाट पिडित भएकी मंगलादेवी सिंह पनि नजानिदो किसिमले राणा विरोधी भै सकेकि थिइन् । गणेशमानलाई पक्रिएको दिनदेखि शान्ति र संयमता गुमाएकी उनले बन्दिगृहबाट धुनका लागि ल्याएका गणेशमान सिंहको कपडामा आलो रगतका टाटा देखेपछि बन्दिगृहमा उनलाई दिएको दानविय यातनाको अनुमान गर्न कठिन नभएको (सिंह, २०५२ : ३०) कुरा उल्लेख गरेको पाइन्छ । आफ्नै जेठाबाजे (ससुरा) वडाकाजि हुँदा हुँदै पनि अमानविय यातनाबाट जोगाउन नसकेको देखेपछि राणा शासन प्रति आक्रोशित भएकी मंगलादेवीले वि.सं. १९९७ साल माघ १० गते टेकुमा शुक्रराज शास्त्रीलाई फाँसी दिएको सुनेपछि घरबाट निस्किएर टेकु पुगेर हातमा गिताको पुस्तक लिएर हाँसि हाँसि मर्न तयार भएका

ती महापुरुषलाई नमस्कार गरेर घर फर्किएकी थिइन् (सिंह, २०५२ : ४०-४१) भने गंगालाललाई मृत्यूदण्ड दिएको थाहा पाएपछि शोभा भगवतिमा हेर्न गइन् । मृत्यु दण्ड पाउने व्यक्ति गंगालाल हुन वा गणेशमान सिंह हुन् भन्ने कुरामा विश्वस्त हुनका लागि पुष्पलालसँगै त्यहाँ पुगेकी उनले पाता फर्काएर बाँधि गोलि हानेर मारिएका गंगालाल र दशरथ चन्दको शव देखेपछि रगत उम्लेर आएको र पुष्पलालसँग हात समातेर तपाइँ हामी मिलेर राणा शाहीलाई बदला लिएर छाडौं भनि प्रण गरेपछि शहीदका शवहरूको प्रदक्षिणा गरेर अन्तिम श्रद्धान्जली दिई फर्किएको उल्लेख गरेकी छिन् (सिंह, २०५२ : ३६-३७) । त्यसपछि गणेशमानलाई जेलमा भेट्न जान घरबाट अनुमति नदिएको स्थितिमा पनि लुकिछिपि जेल पुग्दा जेल प्रशासनले भेट गर्न नदिएपछि नाइकेलाई भेटेर उनलाई के चाहिन्छ सोध्ने र हालखवर बुझ्ने गरेको थाहा पाइन्छ । यसरी जेल जाने क्रम सँगसँगै टंकप्रसाद आचार्य, रामहरि शर्मा, चूडा प्रसाद आदिका श्रीमतीहरूसँग भेटघाट भएकोले उनीहरू बीचमा भावनात्मक सम्बन्ध बढ्दै गयो । यसरी थुनामा परेका क्रान्तिकारीका श्रीमतीहरूबाट राणाहरू विरुद्ध सबै एकजुट भएर विद्रोह सुरु गर्नु पर्छ भन्ने चेतना जागृत हुन थालेको कुरा मंगलादेवीले स्वीकार गरेकी छिन् (सिंह, २०५२ : ३६) ।

दमनको सहारा लिएर राणा सरकारले जन आवाज बन्द गर्न खोजे तापनि यथार्थमा त्यो पूरा हुन सकेन । तत्कालै राणाहरूको दमन विरुद्ध नेपाली समाज विद्रोहमा उत्रन नसके तापनि भित्र भित्रै नेपाल प्रजातन्त्र संघ (भूमिगत संगठन) मार्फत् प्रजापरिषदको उद्देश्य अगाडि बढाउन प्रयास गरिरह्यो (गौतम, २०५५ : २०-२२, श्रेष्ठ, २०६३ : २२-४४, प्रधान, २०४७ : १८४) । यो संस्थाले भित्रभित्रै सदस्य संख्या बढाउने काम गरे तापनि आफ्ना अन्य गतिविधि अगाडि बढाउन नसकेको अवस्थामा वि.सं. २००१ आषाढ ७ गतेको मध्य रातमा प्रजापरिषद काण्डका बन्दि गणेशमान सिंह भद्रगोल जेलबाट भाग्न सफल भए । जेल परेको बेलादेखि नै राणा शासन समाप्त नगर्दासम्म मर्दा पनि मर्दिन भन्ने आँट गरेर जेलबाट उम्कने प्रयास गरेका उनले बाहिर गएपछि भोग्न पर्ने परिस्थिति सामनाको लागि तयार भएर पूर्ण बहादुर एम.ए. र चन्द्रमान मास्केको सहयोगबाट जेलको दुवै पर्खाल नाघेर बाहिर निस्किइ नेपाल प्रजातन्त्र संघका शंभुराम श्रेष्ठ र सूर्य बहादुर भारद्वाज समेतको सहयोगमा उपत्यकाबाट उम्किएका थिए (गौतम, २०५५ : २३-२५, श्रेष्ठ, २०६३ : २५-२६, गौतम, २०१० : २७-३६) । यो घटनाबाट राणा शासन लगायत जनमानसमा फैलिएको सनसनीबाट उत्साहित भएका क्रान्तिकारी एवं राजनैतिक रूपमा चाख राख्ने नारीहरू भित्रभित्रै संगठित भएका थिए । अर्कोतर्फ राणाहरूद्वारा गणेशमान सिंहलाई भेटाएको थाहा दिने मानिसलाई ५००० रूपैयाँ इनाम दिने इस्तिहार प्रकाशित गरिएको थियो । त्यो स्थितिमा नेपालको पश्चिम पहाडको बाटो हुँदै कठिन यात्रा पार गरेका गणेशमान सिंह बुटवल हुँदै साथी ज्यानकाजिको सहयोगमा भारत पुग्न सफल भएका थिए ।

यसरी राणाहरूको नजरबाट उम्किएर गणेशमान सिंह भारत पुगेको खवरले काठमाडौंका जागरुक युवाहरू केही गर्ने मनस्थिति लिएर सक्रिय हुन थाले । अर्कातिर विभिन्न कारणले भारत गएर बसेका, शिक्षा प्राप्तिको अवसर पाएका, भारतीय स्वतन्त्र आन्दोलनमा भाग लिएका युवाहरू संगठित भएर नेपालमा राणा विरोधी आन्दोलन चलाउने बारेमा सोच्न थालेका थिए । भारतबाट अङ्गेजहरू फर्कन लागेको घटनालाई अनुभव गरेका तरुणहरूमा पनि राजनैतिक चेतना वृद्धि भएकाले काठमाडौंका युवाहरूले पुस्तकालय खोल्ने, विभिन्न सामाजिक सेवा समिति, नेपाल नेशनल लिग आदि संस्था खोलेर सामाजिक कामको वहानामा जम्मा हुने, छलफल गर्ने, संगठन बनाएर गोप्य गतिविधिहरू सञ्चालन गर्ने काम थालेका थिए । यस्ता क्रियाकलापहरूमा पुरुषहरू मात्र जम्मा हुँदा प्रशासनले शङ्का गर्ने भएकाले नारीहरूलाई पनि समावेश गरेर प्रचार प्रसार लगायतका

कामको जिम्मा दिन थाले । यस्ता काममा प्रजापरिषद काण्डमा परेका परिवारकै नारीहरूले हिम्मत गर्ने भएकाले क्रान्तिकारीहरूले उनीहरूलाई नै अघि बढाउने काम गरेको र ती नारीहरू पनि राणा शासन खत्तम पार्ने काममा सक्रिय भएर लागेको उल्लेख पाइन्छ ।

नेपालमा परिवर्तनको लक्ष्य अनुरूप देशभित्र एवं देश बाहिर सक्रियता बढ्दै गएको स्थितिमा भारतको स्वतन्त्रता आन्दोलनमा सहभागि भएका युवाहरूले भारतलाई आधार बनाएर राजनैतिक संगठन निर्माण गर्ने तर्फ कदम चाले । यस क्रममा वी.पी. कोइरालाद्वारा सर्वप्रथम भारतको सर्चलाइट लगायतका पत्रिकाहरूमा एउटा अपिल प्रकाशित गरेर संगठन बनाउन गरेको आह्वानलाई देशभित्र एवं बाहिरका युवाहरूद्वारा गरिएको समर्थनबाट छलफलको क्रम सुरु भएपछि अन्तमा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गर्ने काम गरेको देखिन्छ (थापा, २०६७ : १, पाँडे, २०४५ : १८०, गौतम, २०६० : ११३, गौतम, २०५५ : ३७-७२, बस्नेत, २०६६ : ५८-६६) । देशको विभिन्न भागबाट पुगेका प्रतिनिधिसँगै भारतमा शिक्षा पाएका युवाहरू लगायतको उपस्थितिमा भारतीय राजनीतिज्ञ समेतको शुभकामना पाएर गठन भएको यो संस्थाले पहिलो पटक नेपालबाट राणा शासन समाप्त गरी राजाको वैधानिक नायकत्वमा प्रजातान्त्रिक शासन स्थापना गर्ने आफ्नो उद्देश्य घोषणा गर्दै सक्रियता थालेको थाहा हुन्छ । राणाहरूले आफ्नो विरुद्ध देशभित्रबाट संगठित हुन गरेको प्रयासलाई खोजी खोजी दमन गरेको अवस्थामा भारतमा स्थापना भएको यो संगठनले प्रारम्भमा संगठन विस्तार सँगै शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरू संचालन गरेको थियो । जसमध्ये विराटनगर मजदुर हडताल र पहिलो देश व्यापि सत्याग्रह आन्दोलन मुख्य छन् । देशभित्र भएका यस्ता आन्दोलनहरूमा चेतनशिल युवाहरू सँगै घरको चुलो चौकोमा सीमित रहने नारीहरूले पनि भाग लिएर एक्यैवद्धता जनाउनेदेखि नेतृत्व गर्नेसम्मका उदाहरण देखाएको पाइन्छ । जसको पुष्टिका लागि विराटनगर मजदुर हडतालका संचालकहरू सबैपक्रिय पछि जुलुसको नेतृत्व गर्दै दिव्या कोइराला सडकमा उत्रिएको, नलिनि उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरि आदिले साथ दिएर गिरफ्तारी दिएको र सत्याग्रहका क्रममा पर्चा छर्ने, भाषण गर्ने कार्यसँगै अघि बढेकी सहाना प्रधान, साधना प्रधान, स्नेहलता, कनकलता आदि नारीहरूले गिरफ्तारी दिएको (गौतम, २०५५ : ८९, शर्मा, २०२२ : ४०९, प्रधान : २०४७ : २३३, श्रेष्ठ, २०६० : ४९-५०) उल्लेख पाइन्छ । राज्य एवं समाजबाट विचराका रूपमा हेरिने नारीहरूले देखाएको यस्तो साहसबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा उत्रन नसकेका नारीहरू सँगै चेतनशिल वर्गलाई समेत झकझक्याउने काम गऱ्यो भन्नु उपयुक्त हुनेछ ।

यस्ता आन्दोलनबाट उत्पन्न परिस्थितिले गर्दा केही झुकेको देखाउन बाध्य भएको राणा सरकारबाट नागरिक अधिकार दिने घोषणा गरिए पछि सत्याग्रह स्थगित भएर नारीहरू पनि जेल मुक्त भए । त्यसपछि पनि नारीहरू आफ्नो राजनैतिक सक्रियतालाई निरन्तरता दिनेतर्फ नै लागे । यस क्रममा सुरुदेखि नै लागि परेका मध्ये मंगलादेवी सिंह, सहाना प्रधान लगायतका नारीहरू अघि वढ्दै नारी संगठन निर्माणको पहल थालेको देखिन्छ । पढे लेखेका नारीहरूलाई देखि नसहने, लेख पढ गर्ने नारीहरू गतिला हुँदैनन्, विग्रिएका हुन्छन् भन्ने धारणा राख्ने समाजलाई वेवास्ता गरेर बढेका नारीहरूले राजनैतिक संगठनमा लागेका पुरुषहरूसँग सरसल्लाह गरी नारी संगठन निर्माणका लागि कदमहरू चालेका थिए । त्यसका लागि कम उमेरका युवतीहरूलाई घरघर गएर शिक्षा दिने, राजनैतिक चेतना जगाउने, विद्यालयमा पढ्न पठाउने, पढाउने वहानामा भित्रभित्रै भूमिगत संगठनलाई सघाउँदै जाने र केही समयपछि आपसमा भेटघाट, परिचय गर्दै हेलमेल बढाउने उद्देश्य अनुरूप काम गरेका नारीहरूले २००४ साल श्रावण २२ गते काठमाडौँको म्हैपीमा वनभोज कार्यक्रमको आयोजना गरे (प्रधान, २०४७ : २७४, सिंह, २०५२ : ६५, श्रेष्ठ, २०६० : ९७) । विष्णुमती किनारमा स्थित अग्लो ढिस्कोमा अवस्थित

म्हैपी मन्दिर रुख वृक्षहरूद्वारा घेरीएको एकान्त ठाउँ भएकाले उपयुक्त स्थान हुने ठानेका नारीहरूले वनभोज खान जाने भनि शान्ति निकुञ्ज विद्यालय र कन्या मन्दिर स्कूलका छात्राहरूलाई पनि बोलाएका थिए ।

निश्चित दिन वनभोजको वहानामा म्हैपीमा जम्मा हुने नारीहरूमा श्रीमाया, साधना प्रधान, स्नेहलता, मिठ्ठूदेवी (शारदा) राणा, प्रेमलता कंशाकार, कनकलता नकर्मी, प्रतिमा कर्माचार्य, गुलवदन ताम्राकार, कोकिला तुलाधर, शान्ता श्रेष्ठ, सरोजनी मानन्धर, नानीमैयाँ श्रेष्ठ, मिठाइ महर्जन, भानुदेवी, सुवर्ण मैयाँ जोशी, उमादेवी महर्जन, हिरादेवी तुलाधर, श्रीमती भानुदेवी तुलाधर, मैनु प्रधान, कृष्ण कुमारी मानन्धर, केशरी देवी मानन्धर, तारा मानन्धर, हसिना देवी श्रेष्ठ, मोहनी अमात्य, र नानु प्रधान रहेको उल्लेख पाइन्छ (प्रधान, २०४७ : २७५) । त्यस दिनको घटनाक्रम उल्लेख गर्ने क्रममा तत्कालीन अवस्थामा सक्रिय भएका नारीहरूले श्रीमती मंगलादेवी सिंहको पनि उपस्थिति रहेको जनाउँदै भक्त बहादुर नामका पुस्तक व्यापारीले उक्त पिकनिक (भेला) आयोजना गरि महिला संघ निर्माणमा सघाएको तथ्य माथि जोड दिएका छन् (सिंह, २०५२ : ६५, श्रेष्ठ, २०६० : ९७-९८) । जसका आधारमा हेर्दा भुवनलाल प्रधानको पुस्तकमा श्रीमती मंगलादेवी सिंहको नाम छुट्न गएको तथ्यलाई स्मरण दोष मान्नु उपयुक्त हुनेछ ।

यसप्रकार वनभोजको वहानामा जम्मा भएका नारीहरूले त्यसदिन प्रारम्भिक छलफल गरेर नेपाल महिला संघ स्थापना गर्ने, त्यसका लागि भोलिपल्टदेखि सदस्यता वितरण थाल्ने र पर्याप्त सदस्य बनाइ सकेपछि उपयुक्त अवसर पारेर संघको कार्य समिति निर्वाचन गर्ने निर्णय गरी सक्रियता थालेको उल्लेख (सिंह, २०५२ : ६५, प्रधान, २०४७ : २७५) सँगै सोही स्थलमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघ स्थापना गरेको उल्लेख पाइन्छ (श्रेष्ठ, २०६० : ९८) । नेपालका नारीहरूको राजनैतिक संलग्नता र प्रजातान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदान लगायतबारे खासै अध्ययन अनुसन्धान हुन नसकेको अवस्थामा यसबारे कलम चलाउने केही लेखकहरूले वनभोज स्थल म्हैपीमा नै नेपाल महिला संघको स्थापना भएको उल्लेख गरेका छन् । जब कि म्हैपीमा आयोजित उक्त वनभोजका दिन संगठन निर्माणको निश्चयसँगै सदस्यता वितरण गरेर पुनः भेला बोलाउने निर्णय भएपछि थालिएको सदस्यता वितरणमा सबैले लगनशिलताका साथ काम गरेर एक हप्ता भित्रै आवश्यक सदस्य संख्या पुऱ्याएको तथ्यता मंगलादेवी सिंहले नै उल्लेख गरेकी छन् । तसर्थ २००४ साल श्रावण २२ गते म्हैपीमा भएको भेलालाई नेपाल महिला संघ निर्माणको प्रारम्भ बिन्दु मान्नु उपयुक्त हुनेछ ।

म्हैपीमा सम्पन्न नारीहरूको पहिलो गोप्य भेलाले निर्णय गरे अनुसार संगठन निर्माणको चाहना राख्ने नारीहरू सक्रिय भएर साधारण सदस्य बनाउने अभियान तिव्र पार्ने काममा लागे । लगनशिलताका साथ अघि बढेका नारीहरूले राजनैतिक चेतना भएको परिवार सँगै राणा सरकारको दमनमा परेका परिवारका नारीहरूलाई संगठित गर्दै संगठन बनाउने लक्ष्य अनुरूप काम गरेका थिए । जसले गर्दा छोटो समयमा नै म्हैपी मन्दिरमा उपस्थित नारीहरूका अलावा तुली देवी सिंह, हरी देवी, पूर्णदेवी खड्गी लगायत रक्तकालीका खड्गी महिलाहरू धोबीनी महिलाहरू, सहनशिला श्रेष्ठ, श्रीमती मैया प्रधान, सरस्वती श्रेष्ठ, प्रभा नेपाली, श्रीमती बाटुली, शिलवन्ती शाह, श्रीमती पञ्चदेवी ताम्राकार, तीर्थदेवी श्रेष्ठ, ज्वालादेवी वज्राचार्य, चम्पादेवी वज्राचार्य, विन्दुवाशिनी शर्मा, लक्ष्मी देवी तुलाधर, लक्ष्मी नानी तुलाधर, सावित्री श्रेष्ठ, चन्द्र श्रेष्ठ, शिलवन्ति शाह र उनकी आमा कालिका आदिले यस संस्थाको साधारण सदस्यता लिएको भेटिन्छ (सिंह, २०५२ : ६५, प्रधान, २०४७ : २७५, बस्नेत, २०५३ : १९) । जसबाट नेपाली नारीहरू संगठित भएर प्रजातान्त्रिक आन्दोलनलाई

अगाडि बढाउन र राणा शासनको अत्याचारबाट नेपाली समाजलाई मुक्त गराउन अघि सरको तथ्यता प्रष्ट भयो ।

सदस्यता वितरण कार्य भएपछि उत्साहित भएका नारीहरूले काठमाडौँको भेडासिङ अर्थात खिँल स्थित चिनियालाल सिंहको घरमा दोस्रो भेलाको आयोजना गरे । प्रजापरिषद काण्डमा परेर सर्वश्व हरण सहित आजीवन कारावास पाएपछि २००१ सालमा जेलमै मृत्यु भएकाले काठमाडौँवासी क्रान्तिकारहिरूले शहीदको मान्यता दिएका चिनियालाल सिंहको घरमा भएको उक्त भेलामा साधारण सदस्यता लिइ सकेका नारीहरूसँगै सदस्यता लिने मनस्थितिमा भएका नारीहरू पनि उपस्थित भएर अन्तिम छलफल गरी नेपाल महिला संघको विधिवत स्थापना गरे । जसमा श्रीमती मंगलादेवी सिंहलाई अध्यक्ष, स्नेहलतालाई सचिव, श्रीमाया शाहलाई कोषाध्यक्षको जिम्मेवारी दिनुका साथै कार्यकारी सदस्यहरूमा श्रीमती रेवन्तकुमारी आचार्य, हिरादेवी तुलाधर, श्रीमती सितादेवी शर्मा, गुलवदन ताम्राकार, प्रतिभा कर्माचार्य, श्रीमती चम्पा वज्राचार्य, श्रीमती तिर्थदेवी श्रेष्ठ र मोती श्रेष्ठलाई चयन गरिएको विवरण थाहा हुन आएको छ (सिंह, २०५२ : ६६, प्रधान, २०४७ : २७६, बस्नेत, २०५३ : १९) । नेपाल भित्र राजनैतिक दलहरू सक्रिय हुन नसकेको त्यो अवस्थामा राणा, शासनको कठोर दमनबाट पिल्सिएका परिवारका नारीहरूलाई नेतृत्व गर्ने जिम्मेवारी दिएर गठन गरिएको उक्त संगठनमा आवद्ध भएका नारीहरूले आस्थालाई भन्दा पनि राणा शासन विरोधी गतिविधि गर्दै राणा शासन समाप्त गर्ने उद्देश्य लिएर काम गर्ने अठोट लिएका थिए । जसले गर्दा राणा शासन समाप्त गर्न चाहने सबै जसोबाट सहयोग एवं समर्थन पाएका नारीहरूले वकिल लगायतसँग सल्लाह गरी महिला संगठनको विधान दस्तावेज एवं कार्यक्रम तयार गरेको तथ्यतालाई संस्थापक अध्यक्ष स्वयंले नै स्वीकार गरेको भेटिन्छ (सिंह, २०५२ : ६६) ।

राणा विरोधी गतिविधिमा लागेर जेल परेका र सजायँ पाएका व्यक्तिको परिवार माथि समेत सदैव निगरानी राख्ने र तिनका हरेक गतिविधिहरूबारे चियो चर्चो गर्ने, गुप्तचर लगाइ रहने राणाकालिन कठिन परिस्थितिमा पनि केही गर्न भनि कस्सिएका नारीहरूद्वारा यस प्रकार भूमिगत परिवेशमा नेपाल महिला संघको गठन गरिएको थियो । राणाहरूका लागि यो नारीहरूले दिएको चुनौती थियो भन्न सकिन्छ । राणा शासन विरोधि गतिविधिमा संलग्न भएर प्रजातान्त्रिक आन्दोलनको वातावरण तयार गर्न लागि परेका क्रान्तिकारीहरूलाई सक्दो सहयोग पुर्‍याउँदै देशमा मानव अधिकार र प्रजातन्त्रको वहाली गर्नुलाई मूल उद्देश्य वनाएको भएता पनि प्रकट रूपमा महिला वर्गको कल्याण गर्नुलाई मूल उद्देश्यको (ऐजन) रूपमा लिएको देखिएको यो संगठनले भेटघाटका लागि भूमिगत कार्यालयको पनि व्यवस्था गरेको थियो । काठमाडौँको टेङ्गल स्थित एउटा घर भाडामा लिएर नर्स पेशामा लागेकी सावित्री श्रेष्ठलाई बस्ने र काम गर्ने व्यवस्था मिलाएका नारीहरू नर्सको उपचार पाउनका लागि आवत जावत गरेको देखाउँदै जुनसुकै बेलामा पनि आउने जाने गर्न थाले । नेपाल महिला संघकी सहयोगी बनिसकेकी निज सावित्री श्रेष्ठले पनि पेशागत सेवा दिने वहानामा नारीहरूलाई भेटघाट एवं सरसल्लाह गर्ने वातावरण मिलाइदिएर सरकारी गुप्तचरको आँखा छलेर संगठित रूपले राजनीतिक गतिविधिमा लाग्ने अवसर प्रदान गरेको तथ्य उल्लेख पाइन्छ (प्रधान, २०४७ : २७६, बस्नेत, २०५३ : १९) ।

**निष्कर्ष**

राणा सरकारको विरोधी समाप्त गर्ने नीतिले गर्दा जेल परेका आफन्तहरूलाई कसैले सघाउने काम नगरेपछि नारीहरू घरको संघार नाघेर बाहिर निस्कन बाध्य भए । त्यसरी निस्किएका केही नारीहरूले नेपालमा

नारी जागरणको थालनी गर्ने काम गरेका हुन् । जेल परेका आफन्तलाई खाना, अत्यावश्यक सामान पुऱ्याउन आउँदा जाँदा समाजबाट गरिएको बहिस्कारको व्यवहारले नारीहरूमा प्रतिरोधको भावना जागेको थियो । यसरी जेलमा आउँदै जाँदै गर्ने क्रममा क्रान्तिकारीका परिवारदेखि आफन्तहरूलाई भेटेर विस्तार गरिएको सम्पर्कले सामाजिक एकताको वातावरण बनाउँदै गयो । घर परिवारको चौघेरा नाघेर निस्किएका नारीहरूलाई तत्कालीन समाजले राम्रो नमान्ने गतिविधिहरू (जेलको ढोकामा पुग्ने, पाले प्रहरी आदिसँग बोल्ने) आदि काम गरेका नारीहरूलाई राजनैतिक चेतना विकास गराउन सकेमा प्रजातान्त्रिक आन्दोलनको आधार बनाउन सजिलो हुने देखेपछि भित्रभित्रै पार्टीगत गतिविधिमा लागेका पुरुषहरूबाट सम्पर्क राख्ने, कुराहरू बुझाउने काम गर्दै राणा शासन नफालेसम्म तपाइहरूका थुनिएका आफन्तहरू छुट्न सक्दैनन् भनेर बुझाउने काम भएको थियो । जसलाई बेझेर राणा शासन समाप्त गर्नुलाई नै मूल उद्देश्य बनाएका क्रान्तिकारी परिवारका नारीहरू समाजमा प्रभाव बढाउँदै आन्दोलनका विषयहरू बुझाएर प्रजातान्त्रिक आन्दोलनको आधार तयार गर्ने, राणा विरोधी आन्दोलनमा लाग्नेहरूलाई सहयोग गर्ने, जेलभित्र बाहिरका सन्देशबाहकको काम गर्ने, चिठीपत्र पुऱ्याउने कार्यसँगै राजनैतिक संगठन निर्माणको आधार तयार गर्न सक्रिय भएका हुन् । राजनैतिक गतिशीलताको महत्त्व बुझाएर संगठित हुँदै राजनैतिक व्यक्तिहरूको सम्पर्क र मार्ग निर्देशनले नारी संगठन निर्माण गर्ने प्रेरणा र वातावरण तयार भएको थियो । यी विभिन्न क्रियाकलापको परिणाम स्वरूप अस्तित्वमा आएको नेपाल महिला सङ्घ समय क्रममा महत्त्वपूर्ण ऐतिहासिक संगठन बनेर हालसम्मै क्रियाशील भएको छ ।

**सन्दर्भ सामग्रीहरू**


गौतम, राजेश (वि.सं. २०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* काठमाडौँ : श्रीराम श्रेष्ठ र कृष्ण मुरारी अधिकारी ।

गौतम, बद्रीनारायण (सन् २०१०). "गणेशमान सिंह जेलबाट यसरी भागे". *सिद्धार्थ स्मारिका.* पुरनप्रसाद श्रेष्ठ ( सं.). सिद्धार्थनगर : जे.सि.आइ. सिद्धार्थ ।

---, (वि.सं. २०६०). "नेपाली कांग्रेसको स्थापना". *क्षितिज.* दामोदर ढकाल आदि (सम्पा.). सिद्धार्थनगर : भैरहवा बहुमुखी क्याम्पस ।

थापा, गगन आदि (सं.) (वि.सं. २०६७). *नेपाली कांग्रेसका ऐतिहासिक दस्तावेजहरू.* काठमाडौँ : पब्लिक पोलिसि पाठशाला ।

पाँडे, भीमबहादुर (वि.सं. २०४५). *त्यसबखतको नेपाल भाग ४.* दोस्रो संस्करण. काठमाडौँ : लेखक स्वयं ।

प्रधान, भुवनलाल (वि.सं. २०४७). *नेपालको जनक्रान्ति २००७.* काठमाडौँ : रुमु प्रकाशन ।

बस्नेत, पुरुषोत्तम (वि.सं. २०६६). *नेपाली कांग्रेसको इतिहासको प्रारूप.* ललितपुर : पुरुषोत्तम बस्नेत ।

बस्नेत, मिरा (वि.सं. २०५३). *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका.* काठमाडौँ : मीरा बस्नेत ।

रिमाल, अरबन्दि (अनु.) (वि.सं. २०५७). *ज्यूँदा शहिदहरू.* काठमाडौँ : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान ।

सिंह, मंगलादेवी (वि.सं. २०५२). *नारी सङ्घर्षका पाइलाहरू.* काठमाडौँ : पि.एल. सिंह ।

शर्मा, बालचन्द्र (वि.सं. २०२२). *नेपालको ऐतिहासिक रूपरेखा.* वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा नेपाल, रामहरी (वि.सं. २०५९). *आत्मवृत्तान्त.* काठमाडौँ : आत्मवृत्तान्त अभिलेखन सेवा ।

श्रेष्ठ, सुशिला (वि.सं. २०६०). *सहाना प्रधान स्मृतिका आखीझ्यालबाट.* काठमाडौँ : स्वप्न वाटिका प्रकाशन ।

श्रेष्ठ, शम्भुराम (वि.सं. २०६३). *मेरो राजनैतिक जीवनका संस्मरणहरू.* काठमाडौँ : ग्वाहालिगुथि शम्भुराम श्रेष्ठ कृति प्रकाशन समिति ।